# श्री सर्वोच्च अदालतमा दायर गरेको
# निवेदन-पत्र

**विषय : अन्तरिम आदेश सहितको जो चाहिने उपयुक्त आदेश जारी गरी पाऊँ ।**

मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने वर्ष ३२ का अधिवक्ता प्रवीण सुवेदी.......१
मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०७ बस्ने वर्ष ३० का अधिवक्ता विकास थापा......१
कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ०२ बस्ने वर्ष २८ का अधिवक्ता अनुराग सुवेदी........१
काठमाडौँ जिल्ला का.म.न.पा. वडा नं. १६ बस्ने वर्ष २९ का अधिवक्ता सुवास पाठक...........१
गिरिराज रिमालको नाति विष्णुमणी रिमालको छोरा काठमाडौँ जिल्ला का.म.न.पा. वडा नं. २६ बस्ने वर्ष २७ को कानूनकर्मी विनय रिमाल समेत जना ५ को हकमा वारेश भई आफ्नो हकमा समेत का.जि.का.म.न.पा. वडा नं. १७ बस्ने अधिवक्ता रितेश पौड्याल (मो. ९८४३२९५३३४)..................................................................................१

**विरुद्ध**

श्री नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार........................१
श्री नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार...........................................................१
श्री नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार..............................१
श्री काठमाडौँ जिल्ला अदालत, बबरमहल................................................................१
श्री महानगरीय अपराध महाशाखा, टेकु काठमाडौँ.....................................................१
श्री नेपाल दूरसञ्चार प्राधिकरण, कमलादी, काठमाडौँ.................................................१

**मुद्दा : उत्प्रेषण, परमादेश समेत ।**

हामी निवेदकहरु निवेदन वापत लाग्ने दस्तुर यसै साथ संलग्न राखी प्रत्यर्थीहरु मध्ये काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।१२।२७ मा पब्जी अनलाइन गेम बन्द गर्न स्वीकृती दिने निर्णय तथा सो बमोजिम भएको च.नं ७२३४ को पत्राचार र सो पश्चात उल्लेखित अन्य विपक्षीहरु बीच उक्त अनलाईन गेम बन्द गराउन भएको सबै निर्णय तथा पत्राचार लगायतका काम कारवाहीबाट हामी लगायतका सर्वसाधारण जनता विषेशतः युवा तथा बालबालिकाहरुको नेपालको संविधानको धारा १६(१), १७(२)(क), १८, १९ र ३९ बमोजिमको मौलिक हकमा परेको अनुचित असर परेको हुँदा नेपालको संविधानको धारा १३३(२) र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२ र ४९ बमोजिम निम्न बमोजिम निवेदन गर्दछौं :

१) हामी निवेदकहरु कानुन व्यवसायी, कानुनका विद्यार्थी तथा मानव अधिकारकर्मीको रुपमा पेशा व्यवसाय गर्दै आएका छौं । अभिव्यक्तिको स्वतन्त्रता तथा विशेषतः स्वतन्त्र इन्टरनेट तथा इन्टरनेटमा अभिव्यक्तिको स्वतन्त्रताको विषयमा वकालत गर्दै आएका छौं । कानूनको शासन, विधिको पालना, संवैधानिक सर्वोच्चता र आम नेपाली जनताको उच्चतम हित हामी सबैको प्राथमिकता हो र संविधान तथा प्रचलित कानूनको पालना गर्नु हामी सबैको कर्तव्य हो । हामी निवेदक नेपाली नागरिक भएको कारणले यस राज्य भित्र हुने वा भविष्यमा हुन सक्ने गैर कानूनी तवरको निर्णय, आदेश तथा निर्देशन र तिनको संभावनालाई तत्काल रोक्न सम्बन्धित निकाय समक्ष सो संग सम्बन्धित विषयलाई प्रवेश गराउने संवैधानिक दायित्व समेत रहेको हुँदा प्रस्तुत विषयलाई लिएर सम्मानित अदालत समक्ष आउने हकदैया रहेकोमा कुनै विवाद हुन सक्दैन र हामी मध्ये केही स्वयं यस निवेदनमा उठाइएको गेमको प्रयोगकर्ता समेत रहेकाले हामी निवेदकहरुको सार्थक सम्बन्ध छ । मिति २०७५।१२।२८ गते साँझ विभिन्न अनलाईन पोर्टल तथा राष्ट्रिय स्तरको टेलिभिजनबाट समेत नेपालमा पब्जी खेल प्रतिबन्ध भन्ने समाचार आएपश्चात हामी निवेदकहरु मध्ये कोही पब्जी मार्फत मनोरन्जन प्राप्त गर्ने भएको र निवेदकहरु इन्टरनेट प्रयोगकर्ता समेत भएको हुँदा विपक्षी नेपाल सरकार र नेपाल सरकार अन्तर्गतका निकायहरुले केही समयदेखि कहिले वयश्कको चलचित्र प्रतिबन्ध गर्ने तथा कहिले यसरी मनोरन्जनका गेम एप्सहरु प्रतिबन्ध गर्ने कार्यले हामी निवेदकको संविधान प्रदत्त मौलिक हक हनन भएको र सम्मनित अदालतबाट प्रतिपादित सिद्धान्त तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४०(२) अनुसार निर्णयकर्तालाई यस निवेदन बमोजिम उपचारको निवेदन दिँदा समेत उक्त निर्णय निर्णयकर्ताले स्वयम् बदर गर्ने कानुनी प्रावधान नरहेको र उक्त उपनियमको खण्ड (छ) अनुसार प्रस्तुत निवेदनको गम्भीरता, शीघ्र सुनुवाईको आवश्यकता र निवेदक लगायत अन्य सर्वसाधारणलाई परेको वा पर्ने सक्ने असरलाई दृष्टिगत गर्दा समेत उक्त जानकारी दिन नसकेको सादर अनुरोध गर्दछौं ।

२) मिति २०७५।१२।२७ गतेको श्री काठमाडौं जिल्ला अदालतको "अनुमती सम्बन्धमा" भन्ने च.नं. ७२३४ को पत्रमा महानगरीय अपराध महाशाखा, टेकुको च.नं. ६१७६ को "पब्जी (PUBG) Playing unidentified battle ground अनलाइन गेम वन्द गर्ने वारे" भन्ने मिति २०७५।१२।२७ को पत्र सहितको फाइल इजलास समक्ष पेश भएको र "यसमा अनलाइन गेमले पार्ने असरका सम्वन्धमा मनोचिकित्सकको समेत परामर्श लिई माग बमोजिमको अनलाइन गेम वन्द गर्न स्विकृति दिने" भनी भएको आदेश कानून र न्यायको रोहमा

त्रुटिपुर्ण रही सो आदेशले हामी निवेदक तथा आम नेपाली जनताको संविधान प्रदत्त धारा १६(१), १७(२)(क), १८, १९ र ३९ बमोजिमको मोलिक हक हनन् भएको हुँदा र सो हनन् भएको मौलिक हक प्रचलनको लागि र कानूनी त्रुटिको अर्को उपचारको व्यवस्था नभएको हुँदा नेपालको संविधानको धारा १३३(२) अनुसार प्रस्तुत निवेदन लिई सम्मानित अदालत समक्ष उपस्थित भएका छौँ । सम्मानित काठमाडौँ जिल्ला अदालबाट माथि उल्लेखित पत्रको व्यहोरा अनुसार भएको निर्णय, सो निर्णय कार्यान्वयन गर्ने माथि उल्लेखित च.नं ७२३४ को पत्र तथा सो पश्चात भए गरेका सम्पूर्ण निर्णयहरु असंवैधानीक, गैर कानुनी तथा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय कानुन समेतको विपरीत रहेको हुँदा देहायका कारण, आधार पेश गरेका छौ ।

क) इन्टरनेट तथा इन्टरनेटको प्रयोग गरी वा नगरी गेम वा कुनै मनोरन्जन गर्नु भनेको कुनै पनि व्यक्तिले आफ्नो अभिव्यक्ति तथा वाक् स्वतन्त्रता प्रयोग गर्नु हो । विश्वका विभिन्न मुलुकहरुले समेत भिडियो गेम, कम्प्युटर गेम लगायतका खेल तथा मनोरन्जनको साधन भनेको अभिव्यक्ति तथा वाक् स्वतन्त्रताको माध्यम हो भनी व्याख्या गरी स्थापित गरिएको छ । यसरी अभिव्यक्तिको स्वतन्त्रता नेपालको संविधानले समेत प्रत्याभूत गरिरहेको अवस्थामा विपक्षीहरुले संविधानले प्रत्याभूत गरेको मौलिक हकको कार्यान्वयनको दायित्व निर्वाह गर्नु पर्नेमा यसमा अनुचित बन्देज लगाउनु गैर कानुनी तथा असंवैधानिक रहेको छ । प्रश्न पब्जी तथा वयस्कले हेर्ने चलचित्रको मात्र होइन । अभिव्यक्तिको स्वतन्त्रता र यसमा रहेका सीमितताको विश्वव्यापी प्रयोग हो । अभिव्यक्तिको स्वतन्त्रता निरपेक्ष नभई सापेक्ष स्वतन्त्रता हो । संविधानको धारा १७ ले पनि प्रतिवन्धात्मक वाक्यांशमा अभिव्यक्तिको स्वतन्त्रतालाई रोक लगाउने गरी कानुन बनाउन विपक्षी तथा नेपाल सरकारलाई छुट दिएको छ । नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धी अनुसार भएका निर्णयहरु तथा सामान्य टिप्पणीहरुमा समेत अभिव्यक्तिको स्वतन्त्रताको सिमितताको सापेक्षतालाई व्यापकरुपमा व्याख्या गरिएको छ । धारा १७ को प्रतिबन्धात्मक वाक्यांश तथा अन्तर्राष्ट्रिय मान्यता समेत को विपरीत हुने गरी विपक्षीबाट भएको इन्टरनेटको प्रयोगमा गैर कानुनी निर्णय भएको हुँदा सो निर्णय बदरभागी रहेको छ ।

ख) विपक्षी निकायहरुले इन्टरनेटमा अनुचित बन्देज लगाउने गरी पब्जी गेम प्रतिबन्ध लगाउँदा संविधानको धारा १७ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) मा उल्लेख भए अनुसार कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने लगायत कुनै पनि अवस्था विपक्षीले निर्णयमा र सो को कार्यान्वयन गर्दा विपक्षी कुनै पनि निकायले सो सम्बन्धमा कुनै पनि ठोस अनुसन्धान, आधार, कारण तथा प्रमाण समेत उल्लेख नभएको हुँदा स्वेच्छाचारी ढंगबाट भएको विपक्षीको काम कारवाही बदरभागी रहेको छ । त्यसैगरी सोही संवैधानिक व्यवस्थाले समेत मनासिब प्रतिबन्ध लगाउनु पर्ने तथा प्रतिबन्ध लगाउन कानुन नै आवश्यक रहेको भन्ने स्पष्ट व्यवस्था गरिरहेको अवस्थामा के कुन कानुनको आधारमा प्रतिबन्धत लगाउने स्वीकृती दिइएको हो भन्ने समेत उल्लेख नभई भएको निर्णय तथा सो को कार्यान्वयन बदरभागी रहेको छ ।

ग) विपक्षी काठमाडौँ जिल्ला अदालतबाट महानगरीय अपराध महाशाखाले मिति २०७५।१२।२७ मा च.नं ६१७६ मा अनुमति माग गरी प्रेषित पत्र कै आधारमा निर्णय गरिएको देखिन्छ । संविधान प्रदत्त मौलिक हकमा बन्देज लगाउने गरी विपक्षी काठमाडौँ जिल्ला अदालतले मनासिब आधार समेत नहेरी हचुवाको भरमा गरेको निर्णय अधिकारक्षेत्र समेत बिहिन अवस्थामा गरिएको निर्णय हो । निर्णयकर्ताले निर्णय गर्दा आधार, कारण र प्रमाण मुल्यांकन गरी आफूलाई प्राप्त अधिकारको अधिनमा रही निर्णय गर्नुपर्नेमा अधिकार नै नभएको अवस्थामा कुनै कानुनी व्यवस्था समेत उल्लेख नगरी च.नं ६१७६ को पत्रको तलतिर नागरिकको अभिव्यक्ति तथा स्वतन्त्रतामा अनुचित बन्देज लगाउने गरी भएको निर्णय र सो निर्णय पश्चातको पत्राचारहरु सबै बदरभागी रहेको छ ।

घ) विपक्षी महानगरीय अपराध महाशाखाले पब्जी (PUBG) Playing Unidentified battle ground अनलाइन गेम बन्द गर्ने अनुमतिको माग गरेको पत्रको तलतिर निर्णय गर्दा निर्णय कर्ताले यसमा अनलाइन गेमले पार्ने असरका सम्बन्धमा मनोचिकित्सकको समेत परामर्श लिई माग बमोजिम अनलाईन गेम बन्द गर्न स्वीकृती दिने भन्ने व्यहोराको निर्णय भएकोमा सो निर्णय वस्तुनिष्ठ, उचित र मनासिब समेत नभएको तथा अनुमति मागकर्ता तथा निर्णयकर्ता विपक्षीहरुले गेमको नाम समेत PlayerUnknown's Battlegrounds लाई अन्यथा भनी उल्लेख गरि निर्णय तथा पत्राचार गरिएको छ । यसरी कुनै ठोस अनुसन्धान, आधार, कारण, प्रमाण, उचितता समेत विचार नगरी स्वेच्छाचारी ढंगबाट नागरिकको अभिव्यक्तिको स्वतन्त्रतामा अनुचित बन्देज लगाउने कार्य बदरभागी रहेको छ ।

३) अतऐवः माथि उल्लेखित प्रकरणहरुमा उल्लेख भएनुसार विपक्षी काठमाडौँ जिल्ला अदालतले मिति २०७५।१२।२७ मा गरेको निर्णय अधिकारक्षेत्र बिहिन रहेको अवस्थामा गरिएको निर्णय भएको र सो निर्णय संविधान सम्मत समेत नरहेको हुँदा विपक्षीहरुको नाममा देहाय बमोजिम आदेश गरी पाऊँ ।

क) विपक्षी काठमाडौँ जिल्ला अदालतले पब्जीमा प्रतिबन्ध लगाउने गरी दिइएको अनुमति निर्णय कुन संवैधानिक, कानुनी तथा प्रतिपादित सिद्धान्त बमोजिम गरिएको हो र विपक्षी महानगरीय अपराध महाशाखाले कुन संवैधानिक, कानुनी तथा प्रतिपादित सिद्धान्त बमोजिम अनुमति माग गरेको हो सो सम्बन्धमा विपक्षी सम्मानीत काठमाडौँ जिल्ला अदालत तथा महानगरीय अपराध महाशाखालाई अधिकारपृच्छाको आदेश जारी गरि पाऊँ ।

ख) विपक्षी काठमाडौँ जिल्ला अदालतबाट मिति २०७५।१२।२७ मा पब्जी अनलाइन गेम बन्द गर्न स्वीकृती दिने निर्णय तथा सो बमोजिम भएको च.नं ७२३४ को पत्राचार र सो पश्चात विपक्षीहरु बीच उक्त अनलाईन गेम बन्द गराउन भएको सबै निर्णय तथा पत्राचार संविधानको धारा १७ तथा सो को प्रतिबन्धात्मक वाक्यांश समेत विपरीत रहेको हुँदा सो निर्णय प्रारम्भ देखि उत्प्रेषणको आदेशद्धारा बदर गरी पाऊँ ।

ग) प्रश्न एउटा गेमको नभई विपक्षीको गैरकानुनी तवरबाट हुने निर्णयको भएको हुँदा र इन्टरनेटमा मानवअधिकार भनी विश्वव्यापी रुपमा नै स्वीकार गरिएको अवस्थामा यसरी विपक्षीहरुले संविधान प्रदत्त तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी दस्तावेजले प्रत्याभुत गरेको अभिव्यक्ति तथा विचारको स्वतन्त्रतालाई कुनै कानुनी

व्यवस्था बिना नै कार्यकारीणी वा कुनै अदालतको निर्णय गरी अनुचित बन्देज लगाउने कार्य संविधान, कानुन, अन्तर्राष्ट्रिय कानुन, तथा अन्तर्राष्ट्रिय मान्यता समेतको विपरीत रहेको हुँदा इन्टरनेट लगायतका माध्यममा अभिव्यक्ति र विचारको स्वतन्त्रतालाई कानुन बेगर स्वेच्छाचारी ढंकबाट अनुचित बन्देज नलगाउनु भनी परमादेशको आदेश जारी गरी पाऊँ ।

घ) विपक्षीबाट भएको निर्णय र सो को कार्यान्वयन प्रथम दृष्टिमा नै संविधान विपरित रहेको र तत् किसिमका निर्णय कार्यान्वयन सम्मानित अदालतबाट नरोकिएको अवस्थामा नागरिकको अभिव्यक्ति र विचारको स्वतन्त्रतामा अझै अनुचित बन्देज लाग्ने र विपक्षीको निर्णयले विभिन्न प्रयोगकर्ताले पाउने अभिव्यक्ति तथा विचारको स्वतन्त्रतालाई समेत अपुरणिय क्षती पुर्याउने हुँदा सन्तुलनको दृष्टिकोणले समेत सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।१२।२७ मा पब्जी अनलाइन गेम बन्द गर्न स्वीकृती दिने निर्णय तथा सो बमोजिम भएको च.नं ७२३४ को पत्राचार र सो पश्चात विपक्षीहरु बीच उक्त अनलाईन गेम बन्द गराउन भएको सबै निर्णय तथा पत्राचार प्रस्तुत मुद्दा टुंगो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी गरी पाऊँ ।

४. हाल कानून व्यवसायी नियुक्त गरेको छैन । पछि मेरो तर्फबाट नियुक्त हुने कानून व्यवसायीका बहस वा आवश्यकतानुसार पेश हुने बहसनोटलाई यसै निवेदनको अभिन्न अङ्ग मानी पाऊँ ।

१२) संलग्न कागजातहरु :

(क) हामी निवेदकहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि.........................................१
(ख) काठमाडौं जिल्ला अदालतको मिति २०७५।१२।२७ को च.नं. ७२३४ को अनुमती सम्बन्धमा भन्ने पत्रको प्रतिलिपि..................................................................१
ग) पत्रिका को समाचार सम्प्रेषण भएको व्यहोरा ..................................................१
घ) पब्जी गेमको बारेमा डेभलपरबाट लेखिएको आधिकारीक व्यहोरा............................१

१३) यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरिए कानून बमोजिम सहुँला, बुझाउँला ।

निवेदक :

निज वा. रितेश पौड्याल

इति सम्बत् २०७६ साल बैशाख महिना ०३ गते रोज ०३ शुभम्.................................।